# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
बाणगङ्गा, कपिलवस्तु

पत्र संख्याः ०८१।८२
चलानीः

**साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम माग सम्बन्धी सूचना !**

**प्रथम पटक प्रकाशित मिति २०८१।११।१२ गते**

वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुबाट आ.व.२०८१।०८२ मा शंघीय शसर्त अनुदान तर्फको **धान बालीमा साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम** संचालन गर्नु पर्ने भएकोले उक्त कार्यक्रम संचालनको लागि क्षेत्र निर्धारण सम्बन्धि मिति २०८१/११/११ गते बसेको कृषि विकास कार्यदलको बैठकको निर्णय अनुसार बाणगंगा  नगरपालिका वडा नं ६ मा कार्यक्रम संचालन गर्ने भनिएकोले उक्त कार्यक्रम संचालन गर्न ईच्छुक वडा नं. ६ अन्तरगतका कृषक समूह/कृषि सहकारी संस्था/समिति/ तथा कृषि फर्महरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०८१/११/२६ गते) भित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको अनुसूची-१० अनुसारको ढाँचामा आवेदन बाणगंगा नगरपालिकामा पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

पकेट विकास कार्यक्रम तथा न्यूनतम मापदण्डहरु:

| क्र.सं. | कार्यक्रम | ईकाइ | परिमाण | बजेट रु.हजारमा | न्युनतम क्षेत्रफल | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|
| १ | आ.व.२०८१/०८२ मा नया धान बाली पकेट विकास कार्यक्रम संचालन | संख्या | १ | १२०० | २० हेक्टर | वडा नं ६ |

निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:

१. कृषक समूह/कृषि सहकारी/ समिति/कृषि फर्म दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण/सूचिकृत भएको)।
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को विवरण वा भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र।
३. कृषक समूह/ कृषि सहकारी/ समिति/ कृषि फर्मको पकेट मागको निर्णयको प्रतिलिपी।
४. वडा कार्यालयको सिफारिस पत्र।
५. करचुक्ता प्रमाण पत्रको  प्रतिलिपी।
६. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।

नोट:- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।
विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।
सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४

लेष बहादुर के.सी
कृषि बिकास अधिकृत
शाखा प्रमुख